# मानमिन समाचार

अंक २०  मे ३१, २०१५

# पवित्र आत्माका कार्यहरूले अनगिन्ती आत्माहरूलाई मुक्तिको मार्गमा डोऱ्याउँदैछ

## “त्यहाँ आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग भाग भएर तिनीहरू हरेकमाथि बसे”



डा. जेरक ली को सन् २००२ को भारत संयुक्त क्रूसेड

डा. जेरक ली परमेश्वरको वचन अनुसार जिउनुभयो र पवित्रता हासिल गर्नुभयो । त्यसपछि प्रार्थनामा उहाँले परमेश्वरको शक्ति माग्नुभयो र प्राप्त गर्नुभयो । यस शक्तिद्वारा उहाँले अनगिन्ती आत्माहरूलाई मुक्तिको मार्गमा डोऱ्याउनु भएको छ । उहाँले समुद्रपारका क्रूसेडहरू सञ्चालन गर्नु हुँदा, जीवित परमेश्वर, येशू ख्रीष्ट र बाइबलको आधिकारिकताको साक्षी दिदैँ पवित्र आत्माका धेरै आश्चर्यजनक कार्यहरू प्रकट भए (तस्वीर १. स्तुति प्रशंसाको अगुवा रोज हान, २. बहिनी एडेलिया अलेक्जेंड्रिया, ३. डिकन साइटी वाभ, ४. बहिनी शिजुको कानेडा, ५. पास्टर सर्गेई स्टेगनेइभ, ६. भाइ जेइहोङ्ग पार्क, ७. सेमिनारी विद्यार्थी नादाकोर्न थम्मासात) ।

*मैले निको हुनका लागि धेरै उपचारहरू गरएँ, तर मेरो अवस्था झन् झन् जटिल बन्दै गयो । मेरो आमाले पनि मलाई, “तिमी चाँडै मऱ्यौं भने तिमीलाई राम्रो हुनेछ । यसरी तिमीले मलाई सान्त्वना दिन सक्छौं” भनी भन्नुभयो । ममा निको हुने र जीवनको लागि कुनै आशा थिएन ।*

*सन् १९७४ अप्रिलमा, मेरी दिदी सियोलमा मलाई भेट्न आउनुभयो र म मुश्किलले हिंड्न सक्छु भनी थाहा भए तापनि उहाँलाई एक निश्चित ठाँउमा डोऱ्याउन उहाँले मलाई हार्दिकतापूर्वक आग्रह गर्नु भयो । शुरुमा मैले इन्कार गरेँ, तर उहाँले यति हार्दिकताका साथ आग्रह गर्नु भयो कि मैले अझ बढी इन्कार नै गर्न सकिनँ, र एउटा लट्ठीको भरमा म घरबाट निस्कें । हामी सिनियर डिकनिसले अगुवाइ गर्नु भएको चङ्गाइ सभामा पुग्यौं । जब म तल निहुरिएँ, तब मेरो ढाडमा पसीना आउन थाल्यो । मलाई अचानक पसिना किन आयो भनी म छक्क परेँ । परमेश्वरले पवित्र आत्माको आगोद्वारा मेरा सबै रोगहरू जलाई दिनु भएछ भनी मैले भोलिपल्ट बुझें ।*

माथि वर्णन गरिएको परिस्थितिमा, मानमिन केन्द्रीय चर्चका सिनियर पास्टर डा. जेरक लीले जीवित परमेश्वरलाई भेट्नुभयो । उहाँले परमेश्वरलाई भेट्नु भए पछि, उहाँले परमेश्वरबाट शक्ति प्राप्त गर्नुभयो र प्रभुको साक्षी बन्नु भएको छ ।

सन् १९७८ को मे महिनामा उहाँले पास्टर हुने बोलावट पाउनुभयो, सन् १९८२ को जुलाई महिनामा उहाँले चर्च स्थापना गर्नुभयो, र सन् १९८६ को मे महिनामा उहाँ पास्टरको रूपमा अभिषिक्त हुनुभयो । त्यसपछि उहाँले धेरै समुद्रपारका क्रूसेडहरूमा अगुवाइ गर्नुभयो र परमेश्वरको शक्तिशाली कार्यहरूका साथ जीवित परमेश्वरको बारेमा प्रचार गर्नुभयो । संसारभरि रहेका लगभग दस हजारभन्दा बढी शाखा चर्चहरू र सहयोगी चर्चहरूका साथ र पत्रपत्रिकाहरू, पुस्तकहरू र साहित्यिक सेवकाइका समाचार पत्रहरू, र प्रसारण सेवकाइ मार्फत् उहाँले अझै पनि सबै राष्ट्रहरूलाई जागृत तुल्याइरहनु भएको छ ।

चालिस वर्ष अघि, डा. ली ग्यास्टिक अल्सर, पिनास संक्रमण, ओटाइटिस मिडिया (कानको संक्रमण), र बाथ सहितका धेरै रोगहरूबाट पीडित हुनुहुन्थ्यो त्यसैले उहाँलाई “रोगहरूको घर” उपनाम दिइएको थियो । तर उहाँले जीवित परमेश्वरलाई भेट्नु भयो र एकैचोटिमा ती सबैबाट चङ्गाइ पाउनु भयो ।

मर्कूसको माथिल्लो कोठामा हुनुभएकाहरूमाथि आउनुभएको पवित्र आत्माका कार्यहरू यस पापले भरिएको अन्तको समयमा असंख्य आत्माहरूका मुक्तिको लागि नरोकीकन प्रकट भइरहेको छ । पवित्र आत्माको आगोको बप्तिस्मा प्राप्त गर्नु भएकाहरूका शरीर तातो हुन्छ, उहाँहरूका रोगहरू जल्दछन्, र अन्धकारका शक्तिहरूले आफ्नो प्रभाव गुमाउँछन् र छोडेर जाँदछन् । आगोले हृदयमा रहेको पापमय स्वभावलाई पनि जलाउँदछ ।

स्तुति प्रशंसाको अगुवा, कला प्रस्तुति समितिकी एकल गायिका रोज जे. हानले, उहाँको स्वर्गीय स्वरको कारणले गर्दा चर्चका सदस्यहरूबाट प्रेम पाउनु भएको छ (तस्वीर १) । एक पल्ट, उहाँ गम्भीर क्षयरोगको कारणले गर्दा मृत्युको जोखिममा हुनुहुन्थ्यो । तथापि, डा. लीले उहाँको लागि प्रार्थना गरिदिनु भएपछि, उहाँमा भएका सबै जीवाणुहरू पवित्र आत्माको आगोद्वारा एकैचोटि जलेर नष्ट भए । उहाँ चाँडै निको हुनुभयो र स्वस्थ हुनुभयो । उहाँको फोक्सो अत्याधिक रूपमा क्षतिग्रस्त भएकोले गर्दा अब फेरि उहाँले कहिल्यै गाउन सक्नु हुनेछैन भनी उहाँलाई अस्पतालमा भनिएको थियो । तर उहाँले स्तुति प्रशंसाको अगुवाको रूपमा परमेश्वरलाई ठूलो महिमा दिइरहनु भएको छ ।

भारतको डिकन साइटी वाभमा (तस्वीर ३) मद्यपान गर्ने र लागूपदार्थ सेवन गर्ने लत थियो, र उहाँको परिवार बिग्रन लागेको थियो । डा. लीले प्रार्थना गरिदिनु भएको रूमालद्वारा उहाँले (प्रेरित १९:११-१२) प्रार्थना ग्रहण गर्नुभएपछि, पवित्र आत्माको आगो अति शक्तिशाली रूपमा उहाँमाथि आउनुभयो । प्रार्थना पछि, उहाँ शरीर र हृदय दुवैमा शान्ति अनुभव गर्नुभयो । उहाँको टाउको दुखाइ हराएर गयो र २० वर्षदेखिको मद्यपानको लत र दस वर्षदेखिको लागूपदार्थ सेवन गर्ने लतलाई उहाँले अचम्म तवरले त्याग्न सक्नु भयो । उहाँ हिन्दुबाट ख्रीष्टियनमा परिवर्तन हुनुभयो र अहिले उहाँ अटोरिक्सा चा( लकको रूपमा काम गरिरहनु भएको छ, चर्चमा विश्वासयोग्यतापूर्वक काम गरिरहनुभएको छ, र परिवारको एक भरोसायोग्य प्रमुख व्यक्ति बन्नु भएको छ ।

जापानकी बहिनी शिजुको कानेडा (तस्वीर ४) अस्वभाविक रूपमा हात र खुट्टा चिसो हुने गम्भीर समस्याबाट निको हुनुभयो । कसैले उहाँको पेट, ढाड, कुर्कुच्चा र खुट्टाका पैंतलाहरूमा सुईले घोचेझैं उहाँलाई अनुभव हुन्थ्यो । उहाँले आफ्नो शरीरका धेरै भागहरूमा हट प्याकहरू राख्ने गर्नुहुन्थ्यो । त्यसैबेला, उहाँले शक्तिको रूमालको प्रार्थना ग्रहण गर्ने आशिष् प्राप्त गर्नुभयो । प्रार्थना ग्रहण गर्दा, उहाँले आफ्नो शिरको माथिल्लो भागमा तातो महसूस गर्नुभयो र पसीना बग्न थाल्यो, र लगभग एक घन्टासम्म यस्तो भइरह्यो । त्यसपछि उहाँले त्यो ठिऱ्याउने चिसोपना र पीडा महसुस गर्नु भएन ।

इस्राएलमा रहनु भएकी बहिनी एडेलिया अलेक्जेंड्रिया (तस्वीर २) डा. लीको प्रार्थनाद्वारा हड्किङ्ग लिम्फोमा (एक प्रकारको रक्त क्यान्सर)बाट निको हुनुभयो र रुसमा रहनु भएको पास्टर सर्गेई स्टचागनेइभ (तस्वीर ५) ले रूमालको प्रार्थनाद्वारा आगो प्राप्त गर्नुभयो र ढाडको पीडाबाट मुक्त हुनुभयो । थाईल्याण्डमा रहनु भएकी सेमिनारी विद्यार्थी नादाकोर्न थम्मासातले (तस्वीर ७) दानियल प्रार्थना सभामा हार्दिकता पूर्वक प्रार्थना गर्नुहुँदा पवित्र आत्माको आगो प्राप्त गर्नुभयो र उहाँको स्तनमा भएको डल्लो हराएर गयो । दक्षिण कोरियामा रहनु भएको भाइ जेइहोङ्ग पार्क (तस्वीर ६) ले एउटा ठूलो आगोको खामो जस्तो ताप आफ्नो शरीरमा आएको महसुस गर्नुभयो र शक्तिको रूमालको प्रार्थना ग्रहण गर्नुभयो, र त्यसपछि उहाँ ३० वर्षदेखि पीडा भोगी रहनु भएको घुँडाको कुर्कुरे हाड र तन्तुको क्षतिबाट चङ्गाइ प्राप्त गर्नुभयो ।

अंक २०  मे ३१, २०१५  मानमिन समाचार

## क्रूसको सन्देश श्रृंखला – (२०)

# क्रूसमा येशूका अन्तिम सात वाणीहरू (४)



डा. जेरक ली

> “उच्च सोरले कराएर येशूले भन्नुभयो,
> ‘हे पिता, म मेरो आत्मा तपाईंको
> हातमा सुम्पन्छु ।’ यति भनेर उहाँले आफ्नो
> प्राण त्यागिदिनुभयो”
> (लूका २३:४६) ।

मृत्युको क्षण नजिकिँदा, अधिकांश मानिसहरूले आफ्नो जीवनलाई फर्केर हेर्छन् र आफ्ना परिवार र साथीभाइहरूका निम्ति आफ्नो इच्छा पत्र छोडेर जान्छन्, जसलाई तिनीहरूले आफ्नो प्रियजनको अन्तिम इच्छाको रूपमा कदर गर्दछन् । यस संसारमा मानवजातिको उद्धारकको रूपमा आउनुभएको येशूले पनि क्रूसमा उहाँको प्राण त्याग्नभन्दा अघि आफ्ना केही वाणीहरू छोडेर जानुभएको थियो, जसलाई “क्रूसका अन्तिम सात वाणीहरू” भनिन्छ ।

परमेश्वरको पुत्रको रूपमा मुक्तिको प्रबन्धलाई पूरा गर्नुहुने हाम्रो प्रभुको हृदयलाई हामीले स्पष्टसित बुझेपछि, हामी परमेश्वरको साँचो सन्तान हुन सक्छौं । आज हामी येशूले क्रूसमा बोल्नु भएको सातौं र अन्तिम वाणीको बारेमा चर्चा गर्नेछौं ।

### १. येशूले ठूलो स्वरमा “पिता” भनी कराउनु भएको कारण

लूका २३:४६ ले हामीलाई भन्दछ कि, “उच्च सोरले कराएर येशूले भन्नुभयो, ‘हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु ।’ यति भनेर उहाँले आफ्नो प्राण त्यागिदिनुभयो ।” येशूले किन उच्च स्वरमा “हे पिता” भनी कराउनु भयो त ?

योचाहिँ पृथ्वीमा उहाँका अन्तिम शब्दहरू मानिसहरूले सुनून् भनेर हो र साथै हामीले परमेश्वरसित प्रार्थना गर्दा “उच्च स्वरमा पुकार्नु” भन्ने उहाँको इच्छालाई पनि यसले जनाउँदछ ।

यर्मिया ३३:३ मा, “मलाई पुकार् र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु”, भनी उल्लेख गरिएको उहाँको वचन लगायत बाइबलभरि नै परमेश्वरले हामीले उहाँलाई प्रार्थनामा पुकारा गर्नुपर्छ भनी बताउनु भएको छ (गन्ती १२:३; २ इतिहास ३२:२०; भजन संग्रह ५७:२; मर्कूस १०:४७; यूहन्ना ११:४३; प्रेरित ४:२४; प्रेरित ७:५९) ।

येशूले पक्राउ पर्नुभन्दा केही समयअघि गेतसमनीमा प्रार्थना गर्नुहुँदा, उहाँले यति हार्दिकता र व्यग्रताका साथ प्रार्थना गर्नुभयो कि “उहाँको पसिना रगतको थोपा जस्तै भए ।” कुनै व्यक्ति अति नै तनावमा हुन्छ वा उसले अत्यन्तै कडा परिश्रम गर्दछ भने, ऊभित्रका स-साना केशिकाहरू फाट्न सक्छन्, जसले गर्दा सोही समयमा पसिना आउन र रगत बहन सक्छ र सो व्यक्तिको “पसिनामा रगतका थोपाहरू देखा पर्दछन्” भनी चिकित्साशास्त्रका विशेषज्ञहरू दाबी गर्छन् । थपअझ, इस्राएलको त्यस्तो मौसममा राती अबेरसम्म प्रार्थना गर्दा येशूको पसिना रगतमा परिणत भएको तथ्यले, उहाँ कति हार्दिकतापूर्वक र उत्कट रूपले प्रार्थना गरिरहनु भएको थियो भन्ने कुरा जनाउँदछ ।

### २. ‘हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु’

#### १) येशूले आत्माको अमरत्वको प्रमाण दिनुभयो

आफ्नो प्राण त्याग्नु भन्दा अघि, येशूले उच्च सोरले कराएर भन्नुभयो, “हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु ।” उहाँको शारीरिक जीवन क्रूसमा समाप्त भएतापनि उहाँको आत्मा भने लोप भएन, पिता परमेश्वरले येशूको आत्मालाई ग्रहण गर्नु पर्ने थियो । मानिस आत्मा, प्राण र शरीरले बनेको हुन्छ । जीवनको अन्त्य भएपछि, आत्मा र प्राण रहने भाँडा बनेको शरीर माटोमा फर्कन्छ । तथापि, आत्मा अनन्त र अमर भएकोले गर्दा यो लोप हुँदैन ।

परमेश्वरले पहिलो मानिस आदमलाई बनाउनु भएर उहाँको नाकमा जीवनको सास फुकिदिनु भएपछि आदमको आत्मा सृष्टि भयो । परमेश्वरले आदमको आत्मालाई सत्य अर्थात् आत्मिक ज्ञानले भरिदिनु भयो । आदमको हृदय आफैँमा आत्मा थियो, जसभित्र जीवनको बीउ आत्मिक ज्ञानले घेरिएको अवस्थामा थियो ।

“प्राण” ले मानिसलाई उसको मस्तिष्कमा जानकारी भण्डारण गर्ने र निश्चित जानकारीहरू स्मरण गर्न, त्यस बारे सोच्न र महसुस गर्न, र त्यसलाई लागू गर्न वा कार्य गर्न अनुमति दिने सबै क्रियाहरूलाई बुझाउँदछ ।

मूलतः, आदमको मालिकको रूपमा रहेको आत्माले उहाँको प्राण र शरीरलाई नियन्त्रण गर्दथ्यो । उहाँको आत्मा सत्यताले भरिएको हुनाले, आत्माको नियन्त्रणमा रहेको प्राण र शरीर पनि सत्यका थिए ।

जब आदमले असल र खराबको ज्ञान दिने रूखको फल खानु भएर परमेश्वरको विरुद्धमा पाप गर्नुभयो, तब उहाँको आत्मा मऱ्यो । “आत्माको मृत्यु” हुनुले परमेश्वरसितको संचार भङ्ग हुनु र आत्माले आफ्नो कर्तव्यहरू पालना गर्न नसक्नुलाई जनाउँदछ । एक पटक मानिसको मालिक आत्माको मृत्यु भएपछि र यसले कार्य गर्न छोडेपछि, प्राणले मालिकको भूमिका खेल्न थाल्यो अनि शरीर र प्राणमाथि शासन गर्न थाली शत्रु दियाबल र शैतानको कार्यद्वारा यसले असत्यताको ज्ञान स्वीकार गर्न थाल्यो । हृदय जति मात्रामा असत्यताले भरिन थाल्यो, त्यति नै मात्रामा परमेश्वरले सुरुमा हालिदिनु भएको सत्यता हटेर जान थाल्यो । अरूलाई प्रेम गर्ने, नम्रता, र अरूको भलाइ खोज्ने सत्यताको हृदय हटेर गयो र घृणा, रिस, र स्वार्थले भरिएको असत्यतापूर्ण हृदयले भित्र प्रवेश पायो ।

“आत्माको मृत्यु” हुनुले जीवनको बीउलाई असत्यताको ज्ञानले घेरेर त्यसले जीवनको बीउलाई कार्य गर्न र कर्तव्य पूरा गर्नका लागि बाधा दिएको अवस्थालाई जनाउँदछ । तर, मानिसको आत्माले कार्य गर्न नसक्नुको अर्थ उसको आत्मा लोप भएको छ भन्नेचाहिँ होइन । मानिसको आत्मा अनन्त र अमर परमेश्वरबाट आएको जीवनको सासबाट बनेको हुनाले, यो कहिल्यै लोप हुन सक्दैन ।

शरीर मरेपछि प्राणलाई के हुन्छ त ? मस्तिष्कमा रहेका मस्तिष्क कोशिकाहरूद्वारा मानिसहरू स्मरण गर्न र सोच्न सक्ने भएको हुनाले, मानिसमा मस्तिष्कको आवश्यकता हुन्छ । जब, कुनै पशुको (जसमा आत्मा हुँदैन) भौतिक जीवनको अन्त्य हुन्छ, तब त्यसको मस्तिष्क भित्र भएको स्मृति प्रणाली पनि हराउँदछ, अनि त्यसको शरीर र प्राण पनि शून्यतामा लोप भएर जान्छ ।

तथापि, मानिसमा आत्मा भएकोले गर्दा प्राणले आफ्ना क्रियाहरू हृदयमा प्रवाह गर्ने र भण्डारण गर्ने कार्य गर्दछ । तसर्थ, प्राणका विशेषताहरू आत्मामा आदान हुने भएकाले, लोप हुनुको साटो प्राण आत्मासित एकतामा रहेर सधैंभरि अस्तित्वमा रहन्छ । यही कारणले गर्दा हाम्रो प्रभुले, “हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु” भनी भन्नुभयो ।

कुनै व्यक्तिले सुसमाचार सुन्नुभएर येशू खीष्टलाई ग्रहण गर्नुहुन्छ भने, उहाँले पवित्र आत्मा प्राप्त गर्नुहुन्छ र पवित्र आत्मा प्राप्त गर्नुभएपछि, मृत अवस्थामा रहेको उहाँको आत्मा पुनर्जीवित हुन्छ । यसबाहेक, उहाँले जति मात्रामा परमेश्वरसित सञ्चार गर्नुहुन्छ र परमेश्वरबाट आएको सत्यताले भरिनुहुन्छ, त्यति नै मात्रामा उहाँले आफूबाट असत्यताहरूलाई त्याग्न सक्नुहुन्छ ; उहाँले आफैलाई जति मात्रामा सत्यताद्वारा भर्नु हुन्छ, त्यति नै मात्रामा उहाँले सत्यतामा सोच विचार गर्न र त्यसअनुसार चल्न सक्नुहुनेछ ।

आत्मा पुनर्जीवित भएको र आफ्नो हृदयलाई सत्यताले भर्नुभएको व्यक्तिलाई हामी, “उहाँको आत्माको उन्नति भएको छ” भनी भन्न सक्छौं । जति मात्रामा आत्माको उन्नति हुन्छ- अर्को शब्दमा, जति मात्रामा हृदय सत्यताले भरिन्छ- जीवनको हरेक क्षेत्रमा उहाँको फलिफाप हुनेछ र उहाँ स्वस्थ्य हुनु हुनेछ (३ यूहन्ना १:२) ।

यूहन्ना ३:५ मा, “साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन” भनी येशूले भन्नुभएझैं, पानी र पवित्र आत्माद्वारा फेरि जन्मनु भएकाहरू- आत्मा पुनर्जीवित भएकाहरू- उहाँहरूको प्राण र आत्मा एक हुनेछ र त्यो सम्मिश्रण स्वर्गमा प्रवेश गर्नेछ । तर, येशू खीष्टलाई विश्वास नगरेकोले आत्माहरू पुनर्जीवित हुन नसकेका र सत्यताद्वारा आफ्नो हृदय सम्वर्द्धन गर्न विफल भएकाहरू स्वर्गमा पस्न सक्ने छैनन् ।

त्यस्ता मानिसहरूलाई राख्नको लागि नरक तयार पारिएको छ । तिनीहरूका शारीरिक, पापमय जीवनको अन्त्यपछि, तिनीहरू शत्रु शैतानसँगै नरकको अनन्त आगोमा फालिनेछन् ।

#### २) आफूले केवल परमेश्वरको प्रबन्ध अनुसार नै सबै आज्ञा पालन र कार्य पूरा गरेको साक्षी येशूले दिनुभयो

येशूले, “हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु” भनी क्रूसमा प्रार्थना गर्नु भएको तथ्यले, परमेश्वरको प्रबन्ध अनुसार नै उहाँले आज्ञा पालन र सबै कुरा पूरा गर्नुभएको साक्षी दिँदछ ।

येशू यस पृथ्वीमा आउनुभएको, क्रूसमा टाँगिनुभएको र पुनरुत्थान हुनु भएको, यी सबै कार्यहरूको योजना र कार्यान्वयन उहाँको इच्छा वा योजना अनुसार भएको होइन तर मानव इतिहासका साथै मानिसहरूका जीवन, मृत्यु, श्राप, र आशिष्माथि नियन्त्रण गर्नुहुने परमेश्वरको इच्छा अनुसार भएको थियो (यूहन्ना ४:३४) । हामीले येशू खीष्टको नाउँमा प्रार्थना गर्दा, हाम्रो प्रार्थनाको उत्तर दिनुहुने परमेश्वर नै हुनुहुन्छ ।

येशूले मत्ती १०:२९-३१ मा हामीलाई भन्नुभएको छ, “के एक पैसामा दुइ भँगेरा बिक्दैनन् ? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन । तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन् । यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ ।” यदि तपाईंले आफ्नो हृदयको गहिराइमा प्रभुको यस्तो आश्वासनको आत्मिक महत्वलाई खोपेर राख्नु भएको छ भने, तपाईंले सबै कुरा परमेश्वरकै हातमा सुम्पन सक्नुहुनेछ ।

परमेश्वरले, “तीमध्ये एउटा (भँगेरा) पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन” र “तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्” भनी हामीलाई स्मरण गराउनु भएझैं, यदि हामी विश्वासका साथ उहाँमा भरोसा राख्छौं भने, चाहे रोगको समस्या होस्, चाहे कार्य क्षेत्र वा व्यापारमा आशिष् होस् अथवा परमेश्वरकै काम पूरा गर्नको लागि होस्, हामीले उहाँबाट उत्तर नपाउने कुराहरू केही हुँदैनन् ।

येशू परमेश्वरको स्वरूपमा अस्तित्वमा रहनुभएर परमेश्वरसित एक हुनु भएतापनि, येशूले केवल परमेश्वरको इच्छा मात्र खोजी गर्नुभएर त्यसअनुरूप गर्नु भयो र सबै कुरा उहाँमा नै सुम्पनु भयो । यसरी नै, मानिसहरूको योजना वा तरिकाहरूमा आफ्नो भरोसा नराखी तपाईंहरू हरेकले केवल परमेश्वरमा मात्र भरोसा राख्नुहोस्, मानिसको शक्तिलाई माथ गर्ने उहाँको कार्य सधैँ अनुभव गर्नुहोस् र सबै कुरामा उहाँलाई आदर गर्नुहोस् ।

खीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, येशूद्वारा “क्रूसमा बोलिएका अन्तिम सात वाणीहरू” लाई सधैँ स्मरण गरी क्रूसको पीडाको बीचमा उच्च सोरले कराउनुहुने येशूको हृदयलाई बोध गर्दै पूर्ण रूपमा परमेश्वरको इच्छालाई पूरा गर्नुभएर, हाम्रो लागि फेरि आउनुहुने प्रभुको तिर्सना गर्दै तपाईंहरू हरेकले त्यस दिन धार्मिकताको मुकुट प्राप्त गर्नुभएको होस् भनी हाम्रो प्रभु येशू खीष्टको नाउँमा म प्रार्थना गर्दछु !

# किन परमेश्वरले पवित्र आत्माको वरदान दिनुहुन्छ ?



“तर सल्लाहकार, अर्थात् पवित्र आत्मा जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ” (यूहन्ना १४:२६)।

येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी स्वीकार गर्नुहुने र विश्वास गर्नुहुने हरेकलाई किन परमेश्वरले पवित्र आत्माको वरदान दिनुहुन्छ ?

## पहिलो, किनभने परमेश्वर पिताले आफ्ना छोराछोरीहरूलाई प्रेम गर्नुहुन्छ

रोमी ५:८ मा “तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो” भनी उल्लेख गरिएझैं, प्रेमको परमेश्वरले हामीलाई हाम्रा पापहरूबाट उद्धार गर्नका लागि उहाँको पुत्र येशूलाई क्रूसमा झुण्डिन दिनुभयो, र येशू हाम्रो लागि प्रायश्चितको बलिदान हुनुभयो ।

फलस्वरूप, यदि तपाईं येशू मात्रै मुक्तिदाता हुनुहुन्छ र उहाँ मृतकहरूबाट पुनरुत्थान हुनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्नुहुन्छ भने तपाईंले आफ्ना पापहरूबाट क्षमा पाउनु हुनेछ र परमेश्वरको सन्तान हुने अधिकार प्राप्त गर्नुहुनेछ । तर तपाईंले प्रभुलाई स्वीकार गर्नु भएतापनि तपाईंको हृदयमा अझै पनि पापमय स्वभावहरू हुन सक्छन् । त्यसैले शत्रु दियाबल र शैतानले सांसारिक सुख, पैसा, वा मान-प्रतिष्ठाद्वारा तपाईंलाईं प्रलोभनमा पार्न खोज्दा, त्यसले तपाईंहरूमा रहेका यी स्वभावहरूलाई उक्साउँदछ । त्यसपछि तपाईंले फेरि पाप गर्न सक्नुहुन्छ र मृत्युको मुखमा डोऱ्याइन सक्नुहुन्छ (१ पत्रुस ५:८) ।

यस कारणले गर्दा, प्रेमको परमेश्वरले प्रभुलाई ग्रहण गर्नुभएर पूर्णरूपले पश्चात्ताप गर्नुभएका विश्वासीहरूका हृदयमा वरदानको रूपमा पवित्र आत्मा पठाउनुहुन्छ । पवित्र आत्माले उहाँहरूभित्र आत्मालाई जन्म दिनु हुन्छ र प्रभुको हृदयलाई धारण गर्न सक्नुहुने, परमेश्वरको साँचो सन्तान बन्न उहाँहरूलाई डोऱ्याउनुहुन्छ । त्यसकारण, यदि तपाईंले वरदानको रूपमा पवित्र आत्मा पाउनुभएको छ भने, योचाहिँ परमेश्वर तपाईंसँग हुनु भएको जस्तै हो ।

पवित्र आत्मा प्राप्त गर्नु अघि, येशूका चेलाहरू सतावट र कष्टहरूसित डराउनु भएर भाग्नु भएको थियो । तर उहाँहरूले पवित्र आत्मा प्राप्त गर्नुभएर परमेश्वरको इच्छा पालन गर्नु भएपछि, प्रेरितहरूको पुस्तकमा लेखिए अनुसार, उहाँहरूले परमेश्वरको शक्ति प्रकट गर्नुभएर साहसका साथ सुसमाचार प्रचार गर्नुभयो । उहाँहरूले शत्रु दियाबल र शैतानलाई धपाउनु भयो र सामर्थ्य, अख्तियार, र शक्ति प्रकट गर्नु भएर असंख्य आत्माहरूलाई परमेश्वर कहाँ डोऱ्याउनु भयो ।

रोमी ५:५ ले भन्दछ “... र आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।” त्यसैले, परमेश्वरको प्रेमको कारणले गर्दा पवित्र आत्मा तपाईंहरूका हृदयमा वास गर्नुहुन्छ भन्ने कुरा तपाईंहरूले स्मरण गर्नुभएको होस् भन्ने म चाहन्छु ।

## दोस्रो, तपाईंहरू परमेश्वरको वचन अनुसार जिउनुभएको होस् भनी परमेश्वर तपाईंलाई बलियो बनाउन र प्रोत्साहन दिन चाहनुहुन्छ

सल्लाहकारको रूपमा, पवित्र आत्माका मौलिक कर्तव्यहरू भनेको नै मानिसहरूको हृदय छुनु र परिवर्तन गर्नु, तिनीहरूलाई पश्चात्ताप गर्न मद्दत गर्नु र तिनीहरूलाई परमेश्वरलाई प्रेम गर्न लगाउनु हो ।

जब मानिसहरू परमेश्वरको वचन अनुसार जिउँदैनन् र पाप गर्दछन्, तब तिनीहरूभित्र वास गर्नु हुने पवित्र आत्मा व्यक्त गर्न नसकिने सुस्केरामा तिनीहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ । तिनीहरूभित्र हुनु भएको पवित्र आत्माले तिनीहरूका लागि विलाप गर्नुहुँदा परमेश्वरका छोराछोरीहरूले आफ्ना हृदयमा कष्ट महसुस गर्दछन्, र परमेश्वरको वचन अनुसार नजिएकोमा पछुतो गर्दछन् ।

तिनीहरूले यतिसम्म दु:खित र दबाबमा परेको महसुस गर्न सक्छन् कि तिनीहरूमा आफ्नो पापको पश्चात्ताप गर्ने र त्यसबाट फर्कने साहस नै नहुन सक्छ । अन्ततः तिनीहरूको आत्मा सङ्कुचित हुन्छ । तर रोमी ८:२६-२७ ले भन्दछ, “त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ । र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ ।” अर्थात्, पवित्र आत्माले प्राणहरूका लागि परमेश्वरसित अनुग्रह माग्नुहुन्छ ।

पवित्र आत्माले एउटा पनि आत्मा गुमाउन चाहनुहुन्न, त्यसैले तिनीहरूलाई मुक्तिमा डोऱ्याउनका लागि उहाँ सधैं परमेश्वरसित प्रार्थना गर्नुहुन्छ । उहाँले आत्मिक संकटमा परेका प्राणहरूका लागि ती प्राणहरू स्वयम्ले भन्दा पनि बढी विलाप र निवेदनका साथ परमेश्वरको कृपा, प्रेम, र क्षमाको निम्ति अन्तर्बिन्ती गरी दिनुहुन्छ । उहाँले तिनीहरूमा पश्चात्तापको आत्मा खन्याइदिनु हुन्छ र तिनीहरूलाई तिनीहरूका पापहरूको पश्चात्ताप गर्न र फेरि परमेश्वरको प्रेममा रहन मद्दत गर्नुहुन्छ ।

यदि तिनीहरू परीक्षाहरूमा पनि परमेश्वरको प्रेममा निश्चिन्त रहन्छन् भने, तिनीहरूले सबै परीक्षाहरूलाई पार गर्न सक्छन् । पवित्र आत्माले तिनीहरू किन परीक्षाहरूबाट पीडित छन् भनी महसुस गर्न दिनुहुन्छ र तिनीहरूलाई परीक्षाहरूमा निहित रहेको परमेश्वरको प्रेम बुझ्न मद्दत गर्नुहुन्छ । तथापि, यदि तिनीहरूले उहाँको आवाज सुन्न इन्कार गरे र उहाँका कार्यहरूको बेवास्ता गरे भने उहाँ तिनीहरूसित बोल्नुहुनेछैन र तिनीहरूमा निभेर जानु हुनेछ । त्यसपछि तिनीहरूमा मुक्तिको आशा हुँदैन (१ थेसलोनिकी ५:१९) ।

एक पल्ट पवित्र आत्मा तिनीहरूमा निभ्नु भएपछि फेरि उहाँलाई प्राप्त गर्न धेरै नै कठिन हुनेछ । किनभने प्रेमको परमेश्वरले लामो समयसम्म सहनु भएर तिनीहरूलाई असंख्य अवसर दिनुभएको हुन्छ । तर यदि तिनीहरूमा पवित्र आत्मा निभ्नु भएको छ भने, यसले यो प्रमाणित गर्दछ कि तिनीहरूले धेरै ठूला पापका पर्खाल खडा गरेका छन् । तसर्थ, पवित्र आत्मा प्राप्त गर्नु भएका परमेश्वरका छोराछोरीहरूले उहाँको मद्दतद्वारा चाँडै नै हृदयबाट असत्यताका प्रवृत्तिहरूलाई त्याग्नु पर्दछ र ज्योतिमा हिंड्नु पर्दछ ।

## तेस्रो, मानव क्षमताद्वारा नाश हुन नसक्ने शारीरिक सोचाइहरू परमेश्वरको शक्तिद्वारा नष्ट गर्न सकिन्छ भनी उहाँले प्रमाणित गर्न चाहनु हुन्छ

आज, संसार यति धेरै गलत ज्ञान र दोषपूर्ण सिद्धान्तहरूले भरिएको छ कि यदि हामी केवल हाम्रा ओठहरूद्वारा मात्र सुसमाचार प्रचार गर्छौं भने, केहीले मात्र सुसमाचारलाई ग्रहण गर्नुहुनेछ । तिनीहरूका शारीरिक सोचाइहरू र सोचाइका संरचनाहरूले तिनीहरूका हृदयलाई बलियो गरी घेरेको हुनाले सुसमाचार तिनीहरूका हृदयमा प्रवेश गर्न सक्दैन ।

तसर्थ, तिनीहरूका हृदयमा साँचो विश्वास रोप्न हामीले सर्वप्रथम तिनीहरूका शारीरिक सोचाइहरूलाई तोड्नु पर्दछ । यदि हामीले मानव सोचाइहरू, तरिकाहरू र क्षमताहरूमा असम्भव रहेका कुराहरू पवित्र आत्माको शक्तिद्वारा पूरा भएको देख्यौं र ती कार्यहरू अनुभव गऱ्यौं भने, हाम्रा शारीरिक सोचाइहरू नष्ट हुनेछन् र हामी परमेश्वर र बाइबलको आधिकारिकतामा विश्वास गर्न सक्नेछौं । यो पवित्र आत्माको शक्तिको कार्य हो ।

त्यसैले, पवित्र आत्माले निरन्तर परमेश्वरका छोराछोरीहरूलाई विभिन्न कुराहरू महसुस गराउनुहुन्छ र प्रकाश दिनुहुन्छ र आत्मा अनि सम्पूर्ण आत्मामा जान उहाँहरूलाई आग्रह गर्नुहुन्छ । उहाँहरूको हृदय भित्र रहेको सानो भन्दा सानो दुष्टताको स्वभावलाई पनि पत्ता लगाउन र फाल्न उहाँले प्रोत्साहन दिनुहुन्छ । यस प्रक्रिया मार्फत् जब मानिसहरू उचित भाँडो बन्नुहुन्छ तब उहाँहरूले शत्रु दियाबल र शैतानलाई पराजित गर्ने अख्यितार र असम्भवलाई सम्भव तुल्याउने सामर्थ्य प्राप्त गर्नुहुनेछ, र परमेश्वरको शक्ति प्रकट गर्नु हुनेछ । पवित्र आत्माको शक्तिद्वारा प्रकट भएका चिन्ह र आश्चर्यकर्महरूले जीवित परमेश्वरको ठोस प्रमाण दिँदछन् जसले गर्दा मानिसहरूले अदृश्य परमेश्वरलाई विश्वास गर्न सक्छन् (यूहन्ना ४:४८) । पाप व्याप्त भएको यो अन्तको समयमा, साँचो विश्वास प्राप्त गर्न सजिलो छैन । तिनीहरूले स्पष्ट चिन्हहरू र आश्चर्यकर्महरू जस्ता अकाट्य प्रमाणहरू देखेपछि मात्र, जीवित परमेश्वरलाई विश्वास गर्न र येशूलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्न सक्छन् र अन्ततः मुक्तिमा पुग्छन् ।

त्यसैले, परमेश्वरले हामीलाई वरदान स्वरूप पवित्र आत्मा दिनुभएको कारणलाई हामीले बुझ्नु पर्दछ, चाँडै पवित्रता पूरा गर्नु पर्दछ, र परमेश्वरको साँचो छोराछोरी बन्नु पर्दछ । यसो गरेर, हामी यस अन्तको समयमा पवित्र आत्माको बहुमूल्य साधनहरू बनौं ।

# “प्रभुको प्रेमलाई धन्यवाद होस् जसले गर्दा म एक नयाँ जीवन जिइरहेको छु”

साँचो इसाईहरूले प्रभुको पुनरुत्थानमा विश्वास गर्नुहुन्छ, त्यसैले उहाँहरूमा स्वर्गको आशा हुन्छ र उहाँहरूले स्वभाविक रूपमा नै परमेश्वरको वचनद्वारा नयाँ जीवन जिउने हार्दिक चाहना राख्नु हुन्छ। परमेश्वरमा विश्वास गर्ने र उहाँका आज्ञा पालन गर्नेहरूलाई उहाँले उत्तर र आशिष् दिनुभएका धेरै गवाहीहरूलाई हेरेर हामी उहाँको महान् प्रेम महसुस गरौं र पुनरुत्थानको लागि अझ बढी आशा धारण गरौं।



बहिनी मार्गरेट एटाइनो, उमेर १५ वर्ष, केन्यामा उहाँकी आमाको साथमा

## “मेरो दृष्टि विहिन आँखाले फेरि देख्न सक्यो”

म केन्याको नाइरोबी देखि ४०० किमी टाढा सियायामा बस्छु र ७ कक्षामा पढ्दछु। सन् २०१५ को फेब्रुअरी २३ मा, अंग्रेजी कक्षाको समयमा मेरो टाउको अति नै दुख्यो। दिउँसोको समयमा, मैले अचानक मेरो दृष्टि गुमाएँ। मैले केही पनि देख्न सकिनँ। म आँत्तिए र छक्क परें। यसले मेरा मित्रहरूलाई पनि चकित तुल्यायो। तिनीहरूले मलाई शिक्षककहाँ लागे, तर त्यहाँ समस्याको समाधान भएन। अर्को दिन पनि परिस्थितिमा कुनै सुधार भएन र मैले केही पनि गर्न सकिनँ।

मेरी आमा स्तब्ध हुनुभयो र के गर्ने भनी अलमलमा पर्नुभयो। तर उहाँमा परमेश्वरप्रति विश्वास थियो, त्यसैले उहाँले घुँडा टेक्नुभयो र परमेश्वरसित प्रार्थना गर्नुभयो। उहाँले छिमेकीहरू र आफन्तहरूलाई मेरो लागि प्रार्थना गर्न भनी आग्रह गर्नुभयो। केहीले उहाँलाई मन्त्रतन्त्र गर्ने कहाँ जानु भनी सल्लाह दिए तर उहाँले त्यसको वास्ता गर्नुभएन।

म मेरी आमासँग नजिकैको अस्पतालमा गएँ र जाँच गराएँ। तिनीहरूले यसको कुनै पनि कारण पत्ता लगाउन सकेनन्, तर मेरो आँखा निको हुने कुनै उपाय छैन भनी तिनीहरूले बताए।

तीन दिनपछि, मेरो अवस्था बारे सुनेर एक जना आफन्त हाम्रोमा आउनु भयो। उहाँ नाइरोबी मानमिन होलिनेस चर्चमा सेवकाइ गर्नुहुने पास्टर बोअजकी आमा हुनुहुन्थ्यो। रूमालको प्रार्थनाद्वारा प्रकट भएका शक्तिशाली कार्यहरूका बारेमा हामीले सुनेका थियौं (प्रेरित १९:११-१२)। त्यसैले हामीले प्रार्थना ग्रहण गर्न इच्छा गऱ्यौं।

उहाँको मद्दतद्वारा, हामीले नाइरोबी मानमिन होलिनेस चर्चमा सेवकाइ गरिरहनु भएको बिशप डा. म्यङ्हो चङ्गसँग सम्पर्क गर्न सक्यौं। डा. चङ्गले सर्वप्रथम हामीलाई हाम्रा पापहरूका लागि पश्चात्ताप गर्न भन्नुभयो र मानमिन केन्द्रीय चर्चका सिनियर पास्टर डा. जेरक लीले प्रार्थना गर्नुभएको रूमालद्वारा मेरो लागि प्रार्थना गरिदिनु भयो। प्रार्थना पछि, मैले बाइबल हेर्न खोजें। त्यही क्षण, मेरो दृष्टि स्पष्ट भयो र मैले अक्षरहरू देख्न सकें। हल्लेलूयाह!

म सम्पूर्ण धन्यवाद र महिमा प्रभुलाई दिँदछु जसले मलाई निको नहुने मेरो अन्धोपनाबाट चङ्गाइ दिनुभयो र ज्योतिको उज्ज्वल मार्गमा डोऱ्याइरहनु भएको छ।

## “मेरो छोराको लसीका प्रणालीको ट्यूमरका कोशिकाहरू तेस्रो चरणमा थिए, तर ती सबै हराएर गए !”

सीता सुनार, उमेर ३०, नेपाल



लिम्फोमा(एक प्रकारको रक्त क्यान्सर)बाट निको भएको जेठो छोरा सुरज सुनार (दायाँ), छोरी गंगा सुनार, र अर्को छोरा सागर सुनारको साथमा सीता सुनार

सन् २०१३ को नोभेम्बरमा, मेरो १३ वर्षीया जेठो छोरा सुरज सुनार अक्सर खोक्ने गर्दथ्यो र उसलाई धेरै ज्वरो आउने गर्दथ्यो। उसलाई चिसो लागेको होला भनी मैले सोचेको थिएँ, तर उसको तौल घट्न थाल्यो र उनको दाहिने छाती सुन्निने जस्ता अनौठो लक्षणहरू देखिन थाले। उसलाई लिएर म नेपालको राजधानी काठमाण्डौंमा अवस्थित कान्ति बाल अस्पतालमा गएँ। उहाँहरूले उसलाई तेस्रो चरणको लिम्फोमा भएको छ भनी भन्नुभयो, जुन खबरले हामीलाई स्तब्ध तुल्यायो। उसमा केवल ६०,००० प्लेटलेट्सहरू थिए (सामान्यतया हुनुपर्ने, १५०,००० देखि ४००,०००) र उसमा हेमोग्लोबिनको स्तर पनि ७.१ जति मात्र थियो (सामान्यतया हुनुपर्ने, १२ देखि १६)। उसलाई तुरुन्तै अस्पतालमा भर्ना गरियो र क्यान्सरको उपचार शुरु भयो। उसको सबै कपाल झऱ्यो र उसको अवस्था झनै जोखिमपूर्ण बन्दै गयो। तर छ महिनापछि पनि कुनै सुधार भएन। म आत्मामा दीन भएँ र मेरी जेठानीले भन्नुभएको मानमिन मिशन केन्द्र नेपालमा म गएँ।

दु:खित भएर, सन् २०१४ साल मे महिनामा, हाम्रो परिवारका सबै सदस्यहरूले दर्ता गरायौं। तर हामी कहिलेकाहीं मात्र जाने गर्दथ्यौं र अझै पनि मूर्तिपूजा गरिरहेका थियौं। त्यसैले, क्यान्सरका कोशिकाहरू उसमा तीव्र रूपले फैलिरहेका थिए। उच्च ज्वरोको कारणले गर्दा ऊ ठूलो पीडामा थियो र उसलाई सास फेर्न गाह्रो हुने गर्दथ्यो। ऊ चाँडै नै मर्ने स्थितिमा थियो। त्यही बेला, उसले मानमिन मिशन केन्द्रमा सेवकाइ गरिरहनु भएको पास्टर ग्रेस लीलाई भेट्न हार्दिक इच्छा प्रकट गऱ्यो र जुन महिनामा उहाँ उसलाई भेट्न आउनुभयो। उहाँले हामीलाई मूर्तिपूजाको लागि पश्चात्ताप गर्न भन्नुभयो, र मेरो छोरालाई आराधना सेवाको समयमा परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्नुपर्छ भनी भन्नुभयो। सन् २०१२ देखि नै ऊ आफ्नी ठूलीआमालाई पछ्याएर चर्चमा जाने गर्दथ्यो तर ऊ चर्च बाहिर खेलिरहने भएकोले ठीकसित आराधना सेवा अर्पण गर्दैनथ्यो। मलाई पास्टर लीले उपवास अर्पण गरेर २१ दिनसम्म परमेश्वरमा विश्वास देखाउन भन्नुभयो। दक्षिण कोरियाको सियोलमा रहेको मानमिन केन्द्रीय चर्चका सिनियर पास्टर डा. जेरक लीले प्रार्थना गरिदिनु भएको रूमालद्वारा उहाँले उसको लागि प्रार्थना गरिदिनुभयो (प्रेरित १९:११-१२), र उहाँले उसमाथि मुआन मीठो पानी पनि छरिदिनु भयो।

२१ दिनसम्म मैले मेरो छोराको चङ्गाइको लागि पूरा हृदयले परमेश्वरसित प्रार्थना गरें। मैले रात्रीको खाना खाने समय उपवासको रूपमा अर्पण गरें, र मूर्तिहरू पुजेकोमा पश्चात्ताप गरें। प्रार्थनापछि मेरो छोरा निको हुन थाल्यो। ज्वरो थामियो र हरेक तीन दिनमा उसलाई रगत दिनु पर्नेमा, त्यो विना नै रगतको प्लेटलेट्सको संख्या र हेमोग्लोबिनको स्तर पनि सामान्य भयो। अगस्टमा, उसमा कुनै पनि क्यान्सरको कोशिका नरहेको पत्ता लाग्यो। हल्लेलूयाह !

म सबै धन्यवाद र महिमा जीवित परमेश्वरलाई दिन्छु जसले मेरो छोराको रोगद्वारा मेरो परिवारका सदस्यहरूलाई मुक्ति प्राप्त गर्ने अवसर दिनुभयो।


Tribhuvan University Teaching Hospital
Department of Pathology

लिम्फ नोड बायोप्सीले उसमा तेस्रो चरणको लिम्फोमा भएको देखायो


KANTI CHILDREN'S HOSPITAL

बोन म्यारोको परीक्षणमा कुनै लिम्फोमा देखिएन

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com

प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन